नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तौलिहवा, कपिलवस्तु

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

पत्र संख्या:-०८०।८१

मिति २०८०।०६।२४

## जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको सूचना।

नजिकै आईरहेका महान चाड वडादशैं, तिहार, छठ लगायत सबै महत्वपूर्ण चाडवाडको उपलक्ष्यमा सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

चाडपर्वका समयमा हुन सक्ने चोरी, लुटपाट, डकैती जस्ता अवाञ्छित क्रियाकलापहरु धार्मिक सांस्कृतिक उत्सवका रुपमा हुन सक्ने सम्भावित झै झगडा एवं गैर कानूनी ढंगबाट हुने व्यापारबाट जोगिन सर्वसाधारण सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ। चाडवाडका समयमा घर छाडेर अन्यत्र जाँदाको तस्वीर सामाजिक संजालमा राख्ने, जुवा, तास, जाँड, रक्सी र लागु पदार्थ सेवन जस्ता कुलतजन्य गतिविधिहरु सुरक्षाका दृष्टिले अत्यन्तै जोखिम मानिन्छ। बजारबाट वस्तु तथा सेवाको उपभोग गर्दा गुणस्तर र मूल्य सूची समेतलाई ध्यान राख्नु हुन, घर छोडेर अन्यत्र जानुपरेमा छिमेकीलाई जानकारी गराएर मात्र घर छोड्नु हुन साथै सवारी साधनको भाडामा ठगी गर्ने, यात्रुको सामानको सुरक्षामा लापरवाही गर्ने तथा जुवातास खेल्ने र मदिरा सेवन गरी झै झगडा गर्ने लगायतको सर्वसाधारणको हित विपरित कुनै पनि गैरकानूनी तथा अवाञ्छित क्रियाकलापहरु भए गरेको पाइएमा नेपाल प्रहरीको कन्ट्रोल १०० वा नजिकको प्रहरी कार्यालयमा खवर गर्नुहुन अनुरोध छ। यात्रुहरुको सहायताको लागि जिल्लाका विभिन्न ७ स्थानहरु (तौलिहवा, पिपरा, गोरुसिंगे, चन्द्रौटा, कृष्णनगर, चाकरचौडा र मर्यादपुर) मा यात्रु सहायता कक्षको स्थापना गरिएको, मूल्यवृद्धि कालोबजारी नियन्त्रण र जिल्लावासीको सुरक्षाका लागि चाडवाडका समयमा कर्मचारी र सुरक्षाकर्मी क्रियाशिल रहेको तथा त्यो क्रम जारी रहने व्यहोरा समेत जानकारी गराइन्छ। जिल्लाका स्थानीय तह, सामाजिक संघ संस्था, आमसञ्चार माध्यम सबैले आवश्यक प्रचार प्रसार गरी जनतालाई सुसुचित गर्ने र अवाञ्छित क्रियाकलाप नियन्त्रणका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याउनु हुन समेत अनुरोध गरिन्छ। यस सूचना विपरित गैरकानूनी क्रियाकलाप भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही भई जाने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ।

२०८०।०६।२४
निर्मल पोखेल
प्रमुख जिल्ला अधिकारी